आज मिति २०७८/०४/२५ गतेका दिन विहान ८:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री नृप वहादुर वडज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १। | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २। | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३। | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४। | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५। | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६। | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७। | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८। | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९। | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०। | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११। | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२। | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३। | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४। | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५। | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६। | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १७) | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८) | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०) | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१) | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२) | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३) | श्री वसन्त कुमार ठाकुर | कार्यपालिका सदस्य | |
| २४) | श्री कल्याणी सिंह | कार्यपालिका सदस्य | |
| २५) | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७) | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८) | श्री रिप्नी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९) | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०) | श्री हरि बहादुर चन्द | प्रमुख प्रशासकीय अधिकृत | |
| ३१) | श्री नारायण प्रशाद शर्मा | आमन्त्रित | |
| ३२) | | | |
| ३३) | | | |
| ३४) | | | |

Scanned with CamScanner

**निर्णय नं. १**

यस धनगढी उपमहानगरपालिकाको बजारक्षेत्र, खासगरि मुख्य सडक (ट्राफिक चौगह देखि क्याम्पस चोक सम्म) क्षेत्रमा पार्किङको समस्या भएको, पार्किङ स्थल निर्माणका लागि सरकारी वा सार्वजनिक स्थलको अभाव भएका कारण कुनै निजी व्यक्ति वा संस्थाले इच्छा व्यक्त गरेमा सो जग्गा Lease वा PPP Model मा उपलब्ध गराउने भए सोका लागि प्रस्ताव तयार गरि सार्वजनिक सूचना प्रकाशित गर्ने ।

**निर्णय नं. २**

यस धनगढी उपमहानगरपालिका क्षेत्रभित्र फोहरमैला व्यवस्थापन गर्ने कार्यलाई थप व्यवस्थापन गर्न Cluster तयार गरि Private व्यक्ति वा संघ संस्था मार्फत फोहर मैला संकलन र विस्थापन गर्न RFP (Request For Proposal) तयार गरि PPP Model मा प्रस्ताव माग गर्ने ।

**निर्णय नं. ३**

यस धनगढी उपमहानगरपालिका वडा नं. १३, मा यस कार्यालयद्वारा निर्माण भइरहेको रानाथारु संग्राहलय अन्तिम चरणमा पुगेको अवस्थामा डिजाइनमा भएको खपरेट/ टायलको छाना हावाहुरीले गर्दा भविष्यमा समस्या हुन सक्ने भएकोले त्यस्तो ठाउँमा RCC पक्कि ढलान गरि छानामा नक्सा अनुसार टायल बुट्टा निकाली, भविष्यमा आइपर्ने सम्भावित समस्याको न्यूनीकरणमा ध्यान दिई संरचनामा इष्टमेट परिवर्तन गरि निर्माण कार्य गर्न भनि "राना कला-संस्कृती संरक्षण तथा विकास मंच" को अनुरोध भै आएको साथै यस क्षेत्रका माननीय श्री नारदमुनी रानाज्यूको समेत सुझाव आएकोले संशोधन ल.ई. अनुसार Variation स्वीकृत गरि निर्माण कार्य सम्पन्न गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

धनगढी उपमहानगरपालिका १८ फुलबारी स्थित पशुपंछी हाट तथा तरकारी बजारको पूर्वाधार निर्माण कार्य सम्पन्न भई सकेको र उक्त हाट बजार समिति मार्फत समय समयमा संचालन गर्ने प्रयास भएकोमा राम्ररी संचालन हुन नसकि बन्द भएको अवस्थामा त्यहाँ रहेको संरचना प्रयोग गरि सार्वजनिक निजी साँझेदारी मोडेल अनुसार एकिकृत रुपमा पशुपंछी हाट तथा तरकारी बजार संचालन गर्न ईन्छुक व्यक्ति तथा फर्मलाई नियमानुसार प्रकृया पुरा गरि हाटबजार भाडामा दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस धनगढी उप-महानगरपालिकाको आ.व. ०७८/०७९ को लागि देहाय अनुसारका शिर्षकहरुमा देहाय अनुसारको कर शुल्क लिन राजस्व परामर्श समितिबाट सिफारिस भई आएको हुँदा राजस्व परामर्श समितिबाट सिफारिस भई आए अनुसार तपसिल बमोजिम कर शुल्क स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

क) तालिम/कार्यक्रम संचालन गर्न अनुमती मात्र गर्ने व्यक्ति/ संस्था संग अनुमती शुल्क रु. १०००।- (एक हजार) लिने ।

ख) 'घ' वर्गको निर्माण इजाजत पत्र ठाउँ सारी गरि आउने निर्माण व्यवसायीलाई ठाउँ सारी शुल्क रु. ५००।- (पाँच सय) लिने ।

ग) पेट्रोल पम्प स्थापनाको लागि सिफारिस दस्तुर रु. १०,०००।- (दश हजार) लिने ।

घ) कृषक समुह दर्ता तथा नविकरण दस्तुर रु. १००।- (एक सय) लिने ।

Scanned with CamScanner

**निर्णय नं. ६**

नगरपालिकाको सातौं नगरसभाबाट जग्गा दर्ता प्रमाण पत्र दस्तुर (निवेदन दर्ता निस्सा प्रमाण पत्र) दस्तुर रु. ५००।- लिने भनि तोकिएकोमा नगरस्तरीय दलित, भूमिहीन सुकुम्बारी र अव्यवस्थित बसोबासीको नगरस्तरीय सहजिकरण समितिको मिति २०७८/०४/०२ को बैठकबाट भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई नि:शुल्क उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई ५ कठ्ठा सम्म भएमा रु. १०००।- (अक्षरेपी एक हजार) र पाँच कठ्ठा भन्दा माथि जति सुकै भए पनि थप रु ५००।- गरि रु. १५००।- दर्ता निस्सा प्रमाणपत्र दस्तुर लिने भनि राजस्व परामर्श समितिबाट निर्णय भई आएको हुँदा राजस्व परामर्श समितिको निर्णयलाई अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

धनगढी उपमहानगरपालिकाबाट नगरक्षेत्र भित्र रहेका विभिन्न खोलानालाबाट ढुङ्गा, गिट्टी,बालुवा भरान, ग्राभेल आदिको संकलन गर्ने कामको लागि नेपाल सरकारबाट निषेधित अवधि (असाढ,श्रावण र भाद्र) महिनाको अवधिमा चोरी निकासी गरी यस्ता नदीजन्य सामाग्री ओसार पसार गर्न कार्यमा संलग्न मालवाहक साधनहरुलाई प्रथम पटक ट्याक्टर लाई रु. ५०००।- (अक्षरेपी पाँच हजार) ट्रकलाई रु. ७५००।- (अक्षरेपी सात हजार पाँच सय) र टिप्परलाई प्रति ट्रिप रु १०,०००।- (अक्षरेपी दस हजार) जरिमाना लिई छोड्ने पुन: सोही कार्यमा मालवाहक साधन संलग्न भएको पाइएमा जरिवानाको डबल दस्तुर लिई छोडिने भनी राजस्व परामर्श समितिबाट सिफारिस भई आएको हुँदा राजस्व परामर्श समितिको सिफारिसलाई अनुमोदन गरि कार्यान्वयनमा लैजाने निर्णय गरियो।

**निर्णय नं. ८**

धनगढी उपमहानगरपालिकाले आ.व. ०७८/०७९ का लागि स्वीकृत गरेको आर्थिक ऐनमा निजी विद्यालयका लागि तोकेको वार्षिक व्यवसाय करको दर धैरै भएकोले मारमा पर्न गएकोले उक्त दररेट घटाइपाउन निजी विद्यालय संचालकहरुबाट गुनासो आएको सन्दर्भमा आवश्यक निर्णयको लागि राजस्व परामर्श समितिबाट कार्यपालिकाको वैठकमा पेश हुन आएकोले कार्यपालिकाको वैठकमा छलफल गर्दा देहाय अनुसारको अध्ययन समिति निर्माण गर्ने र अध्ययन समितिले पेश गरेको प्रतिवेदन माथि अर्को कार्यपालिकाको वैठकमा छलफल गर्ने निर्णय गरियो।

**देहाय**

| | |
|---|---|
| क) संयोजक | गिता पन्त |
| ख) सदस्य | प्रेम भण्डारी |
| ग) सदस्य | फुलराम चौधरी |
| घ) सदस्य | बल वहादुर ऐर |
| ङ) सदस्य सचिव | नरेन्द्र वहादुर खाती |

**निर्णय नं. ९**

सुरक्षित आवास गृह (सेफ हाउस) संचालन कार्य विधि २०७८ लाई पारित गर्ने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं. १०**

धनगढी उपमहानगरपालिका वडा नं. ३ त्रिनगर नाकामा स्थापना भई रहेको होल्डिङ्ग सेन्टरलाई रु. ५००,०००।- (अक्षेरपी पाँच लाख) विपत व्यवस्थापन कोष शिर्षकबाट सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

यस उपमहानगरपालिका भित्र रहेका १९ बटा वडा कार्यालय, १० बटा स्वास्थ्य चौकी सहरी स्वास्थ्य केन्द्र र २ बटा आर्युवेद औषधालयमा ई-हाजिरको व्यवस्थापन गर्न भैपरि पुजीगत शिर्षकबाट रु. ५००,०००।- (अक्षरेपी पाँच लाख) विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं.१२**

यस धनगढी उपमहानगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुको अन्तिम लेखापरीक्षण गर्ने कार्य विगत वर्ष देखि लेखा परीक्षक छनौट समिति मार्फत हुँदै आइरहेकोले अब उपरान्त पनि देहाय अनुसार रहेको अन्तिम लेखा परीक्षक छनौट समितिबाट गर्ने निर्णय गरियो।

**देहाय**

| | | |
|---|---|---|
| १. | संयोजक | नगरप्रमुख |
| २. | सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ३. | सदस्य | शिक्षा युवा तथा खेलकूद महाशाखा प्रमुख |
| ४. | सदस्य | आर्थिक प्रशासन शाखा प्रमुख |
| ५. | सदस्य सचिव | आन्तरीक लेखा परीक्षण शाखा प्रमुख |

**निर्णय नं. १३**

यस कार्यालय अन्तरगत रहेको फुलबारी स्वास्थ्य चौकीमा सुरक्षिक मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार नियमावलीको नियम १४ (१) क अनुसार सुरक्षित गर्भपतन सेवा संचालन गर्ने निर्णय गरियो। साथै उक्त स्वास्थ्य चौकीमा तालिम प्राप्त स्वास्थ्य कर्मी नभए तालिम प्राप्त स्वास्थ्यकर्मीलाई पठाई सेवा प्रदान गर्ने।

**निर्णय नं. १४**

धनगढी उपमहानगरपालिका वडा नं. १६ कार्यालयको सिफारिस अनुसार वडा नं. १६ बस्ने किशोर बमको घर गोठमा आगलागी भई गोठमा रहेका बाख्रा जलेर नष्ट भएकोले आर्थिक सहयोग गरि दिन भनी उल्लेख भई आएको हुँदा निज किशोर बमलाई अन्य संस्था सहायता शिर्षकबाट रु. ५०००।- (पाँच हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

वडा नं. २ को वडा कार्यालयको सिफारिस अनुसार वडा सदस्य श्री मिना आउजी वर्षातको समयमा वडाको कार्यालयको काम विशेषले टोल टोलमा जाँदा चिप्लीएर खुट्टा भाँचिएर औषधी उपचार गर्न समस्या भएकोले नगरपालिकाबाट

Scanned with CamScanner

औषधी उपचारमा लागेको रकम अन्य संस्था सहायता शिर्षकबाट रु. २१०००।- (अक्षेरुपी एक्काईस हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. १६**

धनगढी उपमहानगरपालिका अन्तरगत भूमि व्यवस्थापन शाखामा कार्यरत नाप नक्सा कार्यका लागि फिल्डमा खटिने कर्मचारी जनशक्तिलाई रु. ४००।- (अक्षेरुपी चार सय) र चेनमेन लाई रु. ३००।- (अक्षेरुपी तिन सय) खाना खाजा खर्च काम गरेको दिनको प्रतिवेदनको आधारमा भूक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १७**

धनगढी उपमहानगरपालिकाको 'घ' वर्गको निर्माण इजाजत पत्र व्यवस्थापन सम्बन्धि समितिको मिति २०७८/०४/१८ र २४ गतेको वैठकको निर्णय अनुसार देहाय अनुसारका फर्महरुलाई 'घ' वर्गको इजाजत पत्र दिने निर्णय भई आएकोले उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

**देहाय**

क) उच्च कोटी ड्रिलीङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.

ख) वनदेवी निर्माण सेवा प्रा.लि.

**निर्णय नं. १८**

धनगढी उपमहानगरपालिका वडा नं. ४ स्थित संचालित के.जी हस्पिटल प्रा.लि.ले एम्बुलेन्स खरीद गरि संचालन पाउँ भनि यस कार्यालयमा निवेदन पेश गर्नु भएको र सो निवेदन कार्यपालिकामा पेश भई छलफल हुँदा के.जी हस्पिटललाई एम्बुलेन्स खरीद गरि संचालन गर्न अनुमती दिने निर्णय गरियो।

**निर्णय नं. १९**

कोभिड-१९ को मूल समिति र उप समितिको गत आ.व. ०७७/०७८ मा वैठक भत्ता भूक्तानी छुट हुन गएकोले छुट हुन गएको वैठक भत्ता भूक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. २०**

कोभिड-१९ को समयमा लागू भएको निषेधाज्ञा अवधिभर कार्यालयमा साँझ विहान आई काम गर्ने जोखिम भत्ता नपाएका कर्मचारीहरुलाई खाना नास्ता खर्च वापतको रकम कार्यालयले लिखित रुपमा काममा खटाएको आधारमा भूक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. २१**

धनगढी उपमहानगरपालिकामा कार्यरत कूचिकारहरु मध्ये केहीले खाजा खर्च रकम पाईसकेका र खाजा खर्च पाउन बाँकी रहेका सरसफाई संग सम्बन्धित कर्मचारीहरुलाई कोभिड-१९ दोस्रो लहरको संक्रमण अवधिभर कामकाज गरे वापत दैनिक रु. ३००।- (अक्षरुपी तिन सय) का दरले खाजा खर्च दिने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं.२२**

यस धनगढी उपमहानगरपालिकाका सबै वडाहरुमा सुरक्षाको प्रत्याभूती दिन आवश्यक भएकोले देहाय अनुसारका वडाहरुको विभिन्न स्थानमा स्थायी इलाका प्रहरी कार्यालय, स्थायी प्रहरी पोष्ट तथा अस्थायी प्रहरी पोष्ट स्थापना गरि दिन श्री नेपाल सरकार गृह मन्त्रालय सिंहदरबारमा अनुरोध गरि सो को जानकारी श्री जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय कैलालीलाई लेखी पठाउने निर्णय गरियो।

**देहाय**

| क्र.स. | वडा नं. | स्थायी प्रहरी पोष्ट | अस्थायी प्रहरी पोष्ट | कैफियत |
|---|---|---|---|---|
| १. | १ | | अस्थायी | |
| २. | २ | त्रिनगर प्रहरी पोष्ट | | |
| ३. | ३ | स्थायी | | |
| ४. | ४ | | तुलसी चोकको उत्तरपट्टी | |
| ५. | ५ | | यातायात कार्यालय नजिक | |
| ६. | ६ | | जाली पिपलचोक | |
| ७. | ७ | | जोखर ताल क्षेत्र | |
| ८. | ८ | | क्याम्पस चोक | |
| ९. | ९ | | सालघारी | |
| १०. | १० | स्थायी | | |
| ११. | ११ | | वडा कार्यालय नजिक | |
| १२. | १२ | स्थायी | | |
| १३. | १३ | | राजपुर | |
| १४. | १४ | ईलाका प्रहरी कार्यालय | | |
| १५. | १८ | | | |
| १६. | १८ | | | |
| १७. | १५ | स्थायी | | |
| १८. | १६ | स्थायी | | |
| १९. | १७ | | सरौटामा बनाउने | |

Scanned with CamScanner